# राष्ट्रिय प्रकृति संरक्षण कोषको

४०औं वार्षिकोत्सवका अवसरमा जारी

## प्रेस विज्ञप्ति

नेपालको प्रकृति तथा वन्यजन्तुलगायत जैविक विविधता संरक्षण र जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशील हुँदै आएको राष्ट्रिय प्रकृति संरक्षण कोष स्थापना भएको चार दशक पूरा भएको जानकारी गराउन पाउँदा खुसी व्यक्त गर्दछु । कोषलाई यस क्षणसम्म ल्याउने अग्रजहरू सबैप्रति विशेष आभार व्यक्त गर्दछु । साथै प्रत्यक्ष या अप्रत्यक्ष रूपमा कोषका हरेक पाइला–पाइलामा साथ दिने नेपाली दाजुभाइ तथा दिदीबहिनीप्रति कृतज्ञ छु । चार दशकको यस यात्रामा सदैव साथ, सहयोग र समन्वयका लागि कोष परिवार नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, विभिन्न दातृ निकाय र संरक्षण साझेदारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

यस वर्षको वार्षिकोत्सवको मूल नारा **"संरक्षणमा चार दशक : गौरवमय इतिहास र अबको बाटो"** तय गरिएको छ । कोष स्थापना दिवसको अवसरमा प्रधानमन्त्री तथा कोषका संरक्षक सम्माननीय शेरबहादुर देउवाज्यूकै समुपस्थितिमा कोषको वार्षिकोत्सव मनाउन पाउँदा कोष परिवार गौरव महसुस गर्दछ । चार दशक पूरा भएको यस अवसरमा आयोजित वार्षिकोत्सव समारोहमा विभिन्न कार्यक्रम आयोजना गरिएको व्यहोरासमेत जानकारी गराउँछु । यस अवसरमा संरक्षण साझेदारलगायतका संरक्षण क्षेत्रका महत्वपूर्ण व्यक्ति तथा संस्थालाई सम्मान तथा कदर–पत्र प्रदान गर्न लागिएको छ ।

सम्माननीय प्रधानमन्त्री तथा कोषका संरक्षकज्यूको नामबाट स्थापित **"राष्ट्रिय प्रकृति संरक्षण कोष-संरक्षक संरक्षण सम्मान"** ४०औं वार्षिकोत्सवका अवसरमा मिति २०७९ कात्तिक ३ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रदान गरिने कार्यक्रम तय भएको छ । यस अवसरमा नेपालमा जैविक विविधता संरक्षणको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउनुभएका, राष्ट्रिय निकुञ्जको स्थापना, जैविक विविधताको क्षेत्रमा अमूल्य योगदान दिनुभएका, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका संस्थापक महानिर्देशक श्री विश्वनाथ उप्रेतीज्यूलाई **"राष्ट्रिय प्रकृति संरक्षण कोष-संरक्षक संरक्षण सम्मान"** प्रदान गर्ने निर्णय भएको छ । यस कार्यबाट एकातिर नेपालको संरक्षण क्षेत्रको जिउँदो इतिहासको सम्मान हुने र अर्कोतिर आगामी पुस्तामा संरक्षण सम्बन्धमा सकारात्मक सन्देश प्रवाह हुनेछ भन्ने कुरामा कोषले विश्वास लिएको छ । सम्मानको राशि रू १ लाख २५ हजार रहेको छ ।

चार दशकको यात्रामा यस कोषले हिमाली क्षेत्रको वातावरण र जैविक विविधता संरक्षण गर्ने उद्देश्यले विश्वस्तरमै पर्यटकीय गन्तव्यका रूपमा चर्चित अन्नपूर्ण संरक्षण क्षेत्र, मनासलु संरक्षण क्षेत्र र गौरीशंकर संरक्षण क्षेत्रको व्यवस्थापन गरिरहेको छ । साथै कोष व्यवस्थापनमा रहेको ललितपुरको जावलाखेलस्थित सदर चिडियाखाना परस्थानिक संरक्षण र संरक्षण शिक्षाका क्षेत्रमा क्रियाशील छ । तराईमा अवस्थित जैविक विविधता संरक्षण केन्द्र, चितवन, बर्दिया संरक्षण कार्यक्रम, बर्दिया र शुक्लाफाँटा संरक्षण कार्यक्रम, कञ्चनपुरले समेत तराईको वातावरणीय तथा जैविक विविधता संरक्षणका क्षेत्रमा महत्वपूर्ण योगदान दिँदै

आएको छ। यसका साथै गत वर्षमात्र स्थापना भएको पूर्वी नेपालको सुनसरी जिल्लास्थित कोशी संरक्षण केन्द्रसमेत वन्यजन्तुको उद्धार तथा संरक्षणमा अगाडि बढिरहेको छ। यी कार्यहरूमा सबै संरक्षण क्षेत्रहरूका संरक्षण क्षेत्र व्यवस्थापन समिति तथा उपसमितिहरू र संरक्षित क्षेत्रहरूका मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिहरू लगायत उपभोक्ता समितिहरूबाट कोषलाई निरन्तर रूपमा प्राप्त विशेष साथ, सहकार्य र सहयोगको हृदयदेखि नै स्मरण र प्रशंसा गर्न चाहन्छु।

४०औं वार्षिकोत्सवका अवसरमा कोषलाई निरन्तर सहयोग, समन्वय र सहकार्य गर्ने सम्बन्धित सबैमा पुनः हार्दिक आभार व्यक्त गर्दछु। खासगरी विगत चार दशकको इतिहासमा कोषले नेपालको जैविक विविधता संरक्षणलगायत वन्यजन्तुको अध्ययन र अनुसन्धानमा विशेष दक्षता हासिल गरेको छ। साथै संरक्षित क्षेत्रहरूको कुशल व्यवस्थापनमा नेपालले विश्वसामु सकारात्मक सन्देश प्रवाह गरेको छ। र, अबको दशक जलवायु परिवर्तनका क्षेत्रमा साथै प्राज्ञिक उन्नयनमा थप पाइलाहरू अघि बढाउने छौं।

४०औं वार्षिकोत्सवका अवसरमा यी कार्यहरूलाई अझ फराकिलो र दीर्घकालीन सोचका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौं।

हार्दिक धन्यवादसहित।

२ कार्तिक २०७९।

शरदचन्द्र अधिकारी
सदस्य सचिव